का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ भदौ २०८१,
बुधबार
11 September, 2024
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २११ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपसभामुखमाथि राजीनामाको दबाब

संसद सचिवालयसँग असम्बन्धित व्यक्तिहरूलाई भिसाका लागि अन्तर्वार्ताको मिति मिलाइदिन अमेरिकी दूतावासलाई पत्र लेखेको विषयलाई नैतिक प्रश्नको रुपमा उठाएर सत्तारुढ दलहरूले उपसभामुख इन्दिरा रानामाथि राजीनामा दिन दबाब दिएका हुन् ।



सदनभित्र र बाहिर उपसभामुखको कुरा उठिरहेको छ । नैतिकताको कुरा उठेको छ । पदीय मर्यादाको कुरा उठेको छ । मानव तस्करीसँग सम्बन्धित कुरा उठेको छ । उपसभामुख जस्तो व्यक्तिको बारेमा प्रश्न उठ्दा मार्ग प्रशस्त गर्न अथवा राजीनामा गर्नु उपयुक्त हुन्छ ।

**सूर्यप्रसाद ढकाल**
सांसद, एमाले

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

उपसभामुख इन्दिरा रानामाथि राजीनामा दिनुपर्ने दबाब बढेको छ ।

आफ्नो लेटरहेड प्रयोग गरेर संसद सचिवालयसँग असम्बन्धित व्यक्तिहरूलाई भिसाको लागि अन्तर्वार्ताको मिति मिलाइदिन अमेरिकी दूतावासलाई पत्र लेखेको विषयलाई नैतिक प्रश्नको रुपमा उठाएर सत्तारुढ दलहरूले उपसभामुख इन्दिरा रानामाथि राजीनामा दिन दबाब दिएका हुन् ।

सोमबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्तारुढ दलहरूको बैठकमा उपसभामुख रानामाथि लागेको आरोपको विषय उठेको थियो । उक्त बैठकमा एमाले, कांग्रेस, जनता समाजवादी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी (नाउपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का शीर्ष नेताहरू उपस्थित थिए ।यी दलहरू मिल्दा उपसभामुख फेर्न २ सय ७५ सदस्यीय प्रतिनिधि सभामा आवश्यक दुईतिहाइ मत पुग्छ। सत्तारुढ दलहरूको बैठकमा छलफल भएलगत्तै मंगलबार प्रतिनिधि सभामा सत्तारुढ दलका सांसदहरूले उपसभामुखलाई राजीनामा दिन सुझाए । अन्यथा, पद अनुकुलको आचरण नगरेको भनेर हटाउन बाध्य हुने चेतावनी दिए ।

एमालेका सांसद सूर्यप्रसाद ढकालले उपसभामुखले राजीनामा दिनु उपयुक्त हुने बताए । 'सदनभित्र र बाहिर उपसभामुखको कुरा उठिरहेको छ । नैतिकताको कुरा उठेको छ । पदीय मर्यादाको कुरा उठेको छ । मानव तस्करीसँग सम्बन्धित कुरा

पृष्ठ २ मा



सोमबारको प्रतिनिधि सभा बैठकमा उपसभामुख इन्दिरा रानामगर ।

## नदी किनारको मापदण्डबारे सर्वोच्चको फैसला

# पुनरावलोकन गर्नुपर्नेमा दलहरू एकमत

नदी किनारको मापदण्डबारे सर्वोच्चको फैसलाउपर छिटो संवैधानिक र कानूनी व्यवस्थामार्फत पुनरावलोकनमा जान र जनताको पिर मर्कालाई सम्बोधन गर्न संसदीय दलको तर्फबाट सरकारलाई अनुरोध गर्दछु ।



**हितराज पाण्डे**
प्रमुख सचेतक, माओवादी केन्द्र

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

काठमाडौं उपत्यकाका नदी किनारको मापदण्डबारे सर्वोच्च अदालतको फैसलाउपर पुनरावलोकनमा जानुपर्नेमा राजनीतिक दलहरू एकमत भएका छन् ।

नेकपा एमाले, नेपाली कांग्रेससहितका सत्तारुढ दलहरू पुनरावलोकनमा जाने तयारीमा रहेका बेला प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र सहितका राजनीतिक दलले पनि पुनरावलोकनकै पक्षमा मत प्रकट गरेका छन् ।

काठमाडौं उपत्यकाका नदी किनारको थप २० मिटर जग्गाभित्र संरचना बनाउन नपाइने सर्वोच्च अदालतको फैसलामाथि राजनीतिक रुपमा प्रश्न उठेको छ । स्थानीयले असन्तुष्टि जनाएपछि राजनीतिक दलहरू पुनरावलोकनको पक्षमा उभिएका हुन् ।

३ पुस २०८० मा सर्वोच्च अदालतका न्यायाधीश आनन्दमोहन भट्टराई र विनोद शर्माको इजलासले नदी क्षेत्र संरक्षणका लागि बागमती, विष्णुमती लगायत उपत्यकाका ठूला नदी तथा खोलाहरुमा ४० मिटर जग्गा छाडेर मात्र संरचना निर्माणको अनुमति दिन आदेश दिएको थियो ।

यसअघि २०६५ सालमा मन्त्रिपरिषदले बागमती, विष्णुमती लगायत ठूला नदीहरुमा २० मिटर क्षेत्र छाड्ने निर्णय गरेको थियो । पहिले २० मिटर छाड्नुपर्ने भनिएकोमा खोलामा थप २० मिटर छाड्न सर्वोच्चले आदेश दिएको छ ।

गत असार अन्तिममा सर्वोच्चको फैसलाको पूर्णपाठ सार्वजनिक भएको थियो । त्यसपछि काठमाडौं महानगरपालिकाले नदी किनारको ४० मिटर क्षेत्रमा संरचना निर्माणका लागि नक्सापास गर्न छाडेको छ ।

यसपछि राजनीतिक दलहरूले फैसला पुनरावलोकनका लागि लबिइङमा लागेका हुन् ।

मंगलबार प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले पनि अदालतको फैसलाउपर पुनरावलोकनमा जान सरकारलाई सुझाएको हो ।

मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले सरकारलाई यस्तो आग्रह गरेका हुन् । 'दलको तर्फबाट छिटो संवैधनिक र कानूनी व्यवस्थामार्फत पुनरावलोकनमा जान र जनताको पिर मर्कालाई सम्बोधन गर्ने व्यवस्थाका लागि अनुरोध गर्दछु' उनले भने ।

काठमाडौं उपत्यकाभित्रका नदी किनारका मापदण्डको विषयले काठमाडौंका जनतामा र देशैभरका जनतामा एउटा तरंग उत्पन्न गरेको उनले बताए । यस सन्दर्भमा आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सर्वोच्च अदालतको फैसला व्यवहारिक नरहेको बताएको उल्लेख गरे ।

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विवादमा परेको इजरायलको केयरगिभर छनोट प्रक्रिया स्थगित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इजरायलको केयरगिभर छनोट प्रक्रिया स्थगित गरेको छ । आवेदकहरूले निवेदनमा पेस गरेका कागजात छानबिन गरिरहेका बेला इजरायलले केयरगिभरका लागि लैजाने आवेदकको नाम छनोट गरेको थियो ।

मंगलबार विज्ञप्ति जारी गर्दै मन्त्रालयको वैदेशिक रोजगार महाशाखाले छानबिनको प्रक्रिया सकिएपछि मात्रै अन्य प्रक्रिया शुरु गरिने बताएको छ । यसअघि वैदेशिक रोजगार विभागले ३ हजार ४ सय ६१ जनाको नामावली इजरायल पठाएको थियो। नेपालबाट लैजाने कामदार छनोटमा संलग्न इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिवा)ले गोलाप्रथामार्फत २ हजार २ सय ४ जना नेपाली कामदार छनोट गरिसकेको छ। त्यसमा ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुष रहेका छन् ।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न जाने सहायक कामदारका लागि आवेदन दिँदा पेस गरिएका कतिपय केयर गिभर तालिमका कागजात नक्कली भएको सार्वजनिक भएपछि श्रम मन्त्रालयले उपसचिव मेघनाथ रिमालको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरेको थियो।

सरकारी मान्यताप्राप्त तालिम प्रदायक संस्थाबाट केयरगिभरसम्बन्धी तीन महिनाको तालिम प्राप्त

पृष्ठ २ मा

### पोर्चुगलमा २४ सय बढीले लिए घुम्ती सेवा

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, २५ भदौ

पोर्चुगलमा सञ्चालित कागजात प्रमाणीकरणसम्बन्धी घुम्ती सेवाबाट दुई हजार चार सय बढी नेपालीले सेवा लिएका छन् । फ्रान्सस्थित नेपाली दूतावासको टोलीले राजधानी लिस्बनमा सञ्चालन गरेको घुम्ती सेवाबाट दुई हजार चार सय ६८ सेवाग्राहीले कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा लिएका हुन् ।

घुम्ती सेवाबाट दुई हजार चार सय ४८ प्रहरी चारित्रिक प्रमाणपत्र, १६ शैक्षिक प्रमाणपत्र, २० व्यक्तिगत घटना दर्ता, दुई यात्रा अनुमतिपत्र र एक मञ्जुरीनामाको प्रमाणीकरण गरी दुई हजार चार सय ६८ जनालाई सेवा प्रदान गरिएको पोर्चुगलका लागि गैरआवासीय नेपाली राजदूत तथा फ्रान्सका लागि नेपाली राजदूत सुधीर भट्टराईले जानकारी दिए । शिविरबाट दुई लाख ४६ हजार छ सय ४० युरो अर्थात तीन करोड ६७ लाख नौ हजार नौ सय रुपैयाँ राजस्व संकलन भएको राजदूत भट्टराईले बताए।

घुम्ती सेवामा दूतावासका नियोग उपप्रमुख सीता बस्नेत र तृतीय सचिव दिपेन्द्रप्रसाद साह खटिएका

पृष्ठ २ मा

### क्यानडा र इटाली पठाउने भन्दै झण्डै पौने दुई करोड ठग्ने दुई पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीमा क्यानडा र इटाली पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। शिवराम थापा समेत ८ जनालाई वैदेशिक रोजगारीका लागि क्यानडा पठाइदिन्छु भन्दै एक करोड ६५ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले रोल्पाको माडी गाउँपालिका वडा नं. १ जवाड घर भइ हाल काठमाडौंको कलंकी बस्ने २९ वर्षीय रण बहादुर घर्तीलाई पक्राउ गरेको छ ।

क्यानडा पठाइदिने र त्यसका लागि प्रतिव्यक्ति ३५ लाख रकम बुझाउनुपर्ने, क्यानडा पुगिसकेपछि मासिक ४ लाख रुपैयाँ तलब हुने प्रतिष्ठित कम्पनीमा काममा लगाइदिने प्रलोभन

पृष्ठ २ मा

# पूर्वमुख्यमन्त्रीको अनशनले विराटनगर तरंगित

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।



पूर्वमुख्यमन्त्री केदार कार्की अनशन बसेपछि कोशी प्रदेशको विराटनगर क्षेत्र तरंगित हुन पुगेको हो । १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य उपचार निशुल्क हुनुपर्ने लगायतमा आफू नेतृत्वको सरकारको योजना कार्यान्वयनको माग गर्दै पूर्वमुख्यमन्त्री केदार कार्कीले अनशन शुरु गरेका हुन् । तर, उनका अनशनमा प्रहरीले हस्तक्षेप गरेको छ । मंगलबार साँझ अनशन बसेका केदार कार्कीलाई प्रहरीले पक्राउ नै गऱ्यो ।

प्रदेशसभा सचिवालय अगाडि अनशन बसेका पूर्वमुख्यमन्त्री केदार कार्कीलाई प्रहरी मंगलबार साँझ पक्राउ गरेको हो । निषेधित क्षेत्रमा अनसन बसेका कारण पक्राउ गरेको प्रहरीले जनाएको छ । पूर्वमुख्यमन्त्री केदार कार्कीलाई प्रहरीले हटाउन खोजेपछि उनका समर्थक र प्रहरीबीच झडप भएको थियो ।

निषेधित क्षेत्रमा अनशन बसेको भन्दै विराटनगर-७ स्थित प्रदेशसभा सचिवालयको सय मिटर नजिकैबाट कार्कीलाई मंगलबार साँझ प्रहरीले नियन्त्रणमा लिएको हो ।

यद्यपि प्रहरीले उनलाई बुढीगंगा-२ टंकीसिन्वारीको घरमा पुऱ्याएर छाडेको छ ।

मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारले हटाएका केही योजनालाई निरन्तरताको माग गर्दै उनी समर्थकसहित मंगलबारदेखि अनशन शुरु गरेका हुन् ।

यसअघि कार्कीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीसमक्ष विभिन्न ९ वटा माग राख्दै आइतबार ४८ घण्टाको अल्टिमेटम दिएका थिए । कोशी प्रदेशका मुख्यमन्त्री कार्कीलाई स्मरणपत्र पठाउँदै आफ्ना माग ४८ घण्टाभित्र पुरा नभए आमरण अनसन बस्ने चेतावनी दिएका थिए ।

पृष्ठ २ मा

# लुम्बिनी प्रदेशका वनमन्त्री कुर्मीले दिए राजीनामा

**काठमाडौं/मस-** लुम्बिनी प्रदेशका वनमन्त्री बादशाह कुर्मीले पदबाट राजीनामा दिएका छन् ।

उनले मंगलबार मुख्यमन्त्री चेतनारायण आचार्यलाई राजीनामापत्र बुझाएका छन् । उनीमाथि बाँकेकी एकल महिला निर्मला कुर्मीलाई अपहरण र बेपत्ता पारेको आरोप छ ।



मन्त्री कुर्मीलाई बर्खास्त गर्न महिला अधिकार मञ्च बांके सहित विभिन्न संघ-संस्थाले एक महिनादेखि काठमाडौंमा धर्ना र माइतीघर मण्डल-बालुवाटार पैदलमार्च सम्मका आन्दोलन गरेका थिए ।

कांग्रेस-माओवादीको गठबन्धनबाट उनी बाँकेको निर्वाचन क्षेत्र ३ (क) बाट निर्वाचित भएका थिए । कुर्मीलाई साउन ९ गते कांग्रेसबाट बिनाविभागीय मन्त्री बनाइएको थियो । मुख्यमन्त्री आचार्यले साउन १८ गते कुर्मीलाई वन तथा वातावरण मन्त्रीको जिम्मेवारी तोकेका थिए ।

कुर्मीविरुद्ध कर्तव्य जान मुद्दा र ठगीमा अनुसन्धान चलिरहेको छ ।

# अपाङ्गता भएका व्यक्तिलाई राज्यका सबै तह र निकायमा प्रतिनिधित्व गराउन माग

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, २५ भदौ

अपाङ्गता भएका व्यक्तिलाई राज्यका सबै तह र निकायमा प्रतिनिधित्व गराउनुपर्ने माग गरिएको छ । उनीहरूले राजनैतिक दलको संरचनाभित्रै समावेशीकरण सवालहरू खोजी गर्नुपर्ने माग गरेका छन् । काठमाडौंमा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल र अपाङ्गता अधिकार र विकासका लागि क्रियाशील नेपालले आयोजना गरेको अपाङ्गता भएका व्यक्तिहरूको राजनीतिक अधिकार सुनिश्चितता एवम् आगामी कार्यदिशा सम्बन्धी कार्यशालामा अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यले आम नागरिक सरह पनि संवैधानिक अधिकार नदिएको गुनासो गरेका हुन् । कार्यक्रमका राजनीतिक दलको संरचनाभित्र नै समावेशीकरणका सवालहरू उठान गर्नुपर्ने धारणा राखेका थिए । दुखाई चोट लाग्नेलाई मात्र थाहा हुने भन्दै उनीहरूले राजनीति सबै नीतिहरुको माउ नीति भएको भन्दै आफू संलग्न भएको राजनीतिक दलभित्रै समावेशीताका सवालहरू उठान गरी सम्बोधन हुने वातावरण सृजना गर्नुपर्नेमा जोड दिएका थिए ।

नेपालको संविधानमा '९ वटा ठाउँमा अपाङ्गता भएको शब्द लेखिनु अत्यन्तै राम्रो हो । यो विश्वमा कुनै देशमा छैन', राष्ट्रिय अपाङ्ग महासंघ नेपाल का पूर्व अध्यक्ष डा. विरेन्द्र प्रसाद पोखेलले कार्यपत्र पेश गर्दै भने, 'तर दुर्भाग्य अपांगता भएका व्यक्तिहरूको राजनीतिक प्रतिनिधित्व हुन सकेको छैन । यो विषयमा सबै मिलेर बहस गर्नुपर्ने बेला भएको छ ।' उनले हामी आफूले पनि सकेसम्म हात तानौँ खुट्टा होइन भन्दै अपांगता भएका व्यक्तिहरुको हकमा मिसन ८४ जरुरी भएको बताए ।




कार्यक्रमका प्रमुख अतिथि सर्वोच्च अदालतका उपरजिस्ट्रार शिशिर लामिछानेले अपांगता भएका व्यक्ति संस्था र निकायले गर्नुपर्ने काम कर्तव्य र अधिकार सहितका सबालहरुको बारेमा जानकारी गराएका थिए । उनले अपांगताका सबाल उठान गर्न तयस क्षेत्रमा कृयाशिल संघ संस्था र निकायले समन्वयकारी भूमिका खेल्नुपर्ने बताए । कार्यक्रममा सहभागीहरूले निर्वाचन ऐन र कानुनकै त्रुटि रहेकाले तीनै तहका सरकारमा र संसदमा अपांगता भएका व्यक्तिहरुको प्रतिनिधित्व हुन नसकेको औंल्याएका थिए । उनीहरुले निर्वाचन अनुसूचीमा भएको व्यवस्था लागू गर्नुपर्ने, राजनीतिक दलका जनवर्गीय संगठनहरुले सहजीकरण गर्नुपर्ने, सर्वोच्चको निर्देशनात्मक आदेशअनुसार कार्यदल गठन र परिचालन गर्नुपर्ने, स्थानीय तहमा सबै वडाहरुमा दलित महिला अनिवार्य गरि जस्तैगरी अपाङ्गता भएका महिला व्यक्तिलाई समानुपातिकमा राख्नुपर्ने माग गरेका थिए ।

उनीहरुले सर्वोच्च अदालतको निर्देशनात्मक आदेश परिपालन गराउन र प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको संशोधनको प्रक्रियामा उल्लिखित संवैधानिक र कानुनी व्यवस्था अनिवार्य समावेश गराउन मागसमेत गरे । राष्ट्रिय अपाङ्ग महासंघ नेपालले सर्वोच्च अदालत समक्ष नेपालको संविधानको धारा ४६, १३३ (२) र (३) बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्रतिनिधि सभा र प्रदेश सभामा अनिवार्य रुपमा समानुपातिक निर्वाचन हुने गरि परमादेश लगायत अन्य उपयुक्त तथा उचित आदेश समेत जारी गरि पाउँ भनी २०७४ साल असोज ४ गते निवेदन पत्र पेस गरेको थियो ।

अधिकारकर्मी सुदर्शन सुवेदी समेतले २०७४ साल आश्विन महिना २८ गते सोही निवेदनमा टेकेर पूरक निवेदन पेश गरेको सन्दर्भमा मिती २०८० पुस २६ गते सर्वोच्च अदालतको संयुक्त इजलासले विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सोही निर्देशनलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नुपर्ने महासंघका अध्यक्ष देवीदत्त आचार्यको भनाइ छ । नेपालको संविधान बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, तथा भौगोलिक विविधतायूक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजीक सांस्कृतिक ऐक्यवद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै, वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजीक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्पका साथ नेपालको संविधान २०७२ असोज ३ मा जारी भइ कार्यान्वयनमा आएको हो ।

सो संविधानको धारा ४२ को प्रथम संशोधनले सामाजिक न्यायको हकको उपधारा (१) मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपले बिपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भन्ने संवैधानिक व्यवस्था गरेको छ ।

# मावि महम्मद्पुरमा खानेपानी जडान गरिँदै

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २५ भदौ

रौतहटको गरुडा नगरपालिका-५ स्थित महम्मद्पुर माध्यमिक विद्यालयमा शुद्ध, स्वच्छ खानेपानी जडान गरिने भएको छ । दुषित पानीबाट विद्यार्थीहरुलाई विभिन्न किसिमका रोग लाग्न सक्ने जोखिम भएको हुँदा कुनै प्रकारको रोग नलागोस् भन्ने उद्देश्यले आरडीसी नेपाल भन्ने संस्थाले माध्यामिक विद्यालय महम्मदपुरमा धारासहितको शुद्ध स्वच्छ खानेपानी जडान गर्न लागेको विद्यालयका प्रधानाध्यापक राम नारायण यादवले बताए ।



शुद्ध खानेपानीको अभावमा विद्यार्थीहरु वर्षौदेखि दुषित पानी खान बाध्य हुँदै आएको अवस्थालाई मध्ये नजर गरी आफ्नै पहलकदमिमा आरडीसीद्वारा लाखौंको लागतमा शुद्ध स्वच्छ खानेपानी जडान गर्न लागेको प्रधानाध्यापक यादवले बताए । कक्षा १ देखि १२ कक्षासम्म पढाई हुने उक्त विद्यालयमा ठूलो संख्यामा विद्यार्थीहरु अध्ययनरत रहेका छन् ।

तीनवटा ट्याङ्की भएको अत्याधुनिक डिजाइनको धारासहितको जडान हुन लागेको खानेपानी निर्माण भइ सुचारु भएपछि सो विद्यालयका हजारौं विद्यार्थी लाभान्वित हुने छन् । खानेपानी निर्माण कार्य अन्तिम चरणमा रहेको र अब एक साता भित्रमा नै सुचारु हुने बताइएको छ ।

**उपसभामुखमाथि...**

उठेको छ । उपसभामुख जस्तो व्यक्तिको बारेमा प्रश्न उठ्दा मार्ग प्रशस्त गर्न अथवा राजीनामा गर्नका निम्ति म जोडदार माग गर्दछु' उनले भने ।

एमालेका सांसद शोभा ज्ञवाली, सरस्वती सुब्बाले पनि उपसभामुख रानालाई मार्ग प्रशस्त गर्न आग्रह गरे । एमालेका सांसद गोकुल बास्कोटाले नैतिकताको प्रश्नमा पद छाड्ने अभ्यास विगतमा रहेको स्मरण गरे । प्रश्न उठेपछि आफूले मन्त्री पदबाट राजीनामा दिएको सम्झिए । उपसभामुख रानालाइ पनि उस्तैगरी नैतिकता प्रदर्शन गर्न सुझाए ।'उपसभामुखज्यूलाई सुझाव छ- यत्रो प्रश्न उठेको छ भने उहाँले आफ्नो पदबाट मार्गप्रस्तस्त गरे के बिग्रन्छ ?' बास्कोटाले भने ।

गत साउन पहिलो साता उपसभामुख रानाले आफ्नो टोलीको सदस्य भन्दै ५ जनाको अन्तर्वार्ताको समय अगाडि सारिदिन काठमाडौंस्थित अमेरिकी दूतावाससँग ताकेता गरेको पत्र सार्वजनिक भएको थियो ।सार्वजनिक भएको पत्रअनुसार उपसभामुख रानाले भिसाका लागि अन्तर्वार्ताको समय मिलाइदिन आग्रह गरेकी छिन् । तर, उनीहरु के भूमिकामा कार्यरत छन् भन्ने उक्त खुलाएकी छैनन् ।

राना ७ माघ २०७९ मा उपसभामुख निर्वाचित भएकी थिइन् । त्यसको अर्को महिना फागुनमा उनी यूएन वुमनको सीएसडब्लू ६७ (मार्च ६ देखि १७) मा सहभागी हुन अमेरिका गएकी थिइन् ।

महिलासँग सम्बन्धित कार्यक्रममा उनले पाँच जना पुरुषलाई पठाउन खोजेको भनेर पनि प्रश्न उठेको छ । सार्वजनिक भएको पत्र अनुसार रानाले १४ फागुन (२६ फेब्रुअरी) मा दूतावासलाई पत्र लेखेकी थिइन् । जहाँ भनिएको छ, 'म अनुरोध गर्न चाहन्छु कि सांसद र मेरा सहयोगी सदस्यहरूसँगै म पनि सँगै अन्तर्वार्ताको समय लिन चाहन्छु ।' उक्त पत्र सार्वजनिक भएलगत्तै बिभिन्न राजनीतिक दलका नेताहरूले प्रश्न उठाएका थिए ।तर, यसबीचमा यो विषय त्यसै सेलाएको थियो ।

नेपाली कांग्रेस र नेकपा एमालेको सरकार बनेसँगै संवैधानिक परिषदलाई हेरेर समेत यो विषय उठेका कतिपयको आशंका छ ।

संविधानको धारा २८४ मा संवैधानिक परिषदसम्बन्धी व्यवस्था छ । जसअनुसार प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्ति सिफारिस गर्ने जिम्मेवारी संवैधानिक परिषदलाई रहेको छ । हाल प्रतिपक्षमा रहेका दल समर्थित तीन जना सदस्य हुँदा संवैधानिक परिषदबाट आफू अनुकुल निर्णय लिन सत्तारुढ गठबन्धनमा रहेका दलहरूअप्ठ्यारो छ । उक्त परिषदमा प्रमुख सत्ताघटक कांग्रेसको उपस्थिति पनि छैन । यो अवस्थामा रास्वपा पृष्ठभूमिकी उपसभामुख रानालाई हटाउने तयारी सत्तारुढ दलहरूले गरेको भन्दै दलहरूले प्रतिवाद गरेका छन् ।

**पुनरावलोकन...**

माओवादी केन्द्रका सचिव समेत रहेका प्रतिनिधि सभा सदस्य देवेन्द्र पौडेलले पनि उपत्यकाको नदि किनाराको विषयमा सर्वोच्च अदालतबाट आएको फैसलाउपर पुनरावेदन जान सुझाए ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र एकीकृत समाजवादीले यसअघि नै फैसला पुनरावलोकनका लागि सरकारलाई आग्रह गरेका थिए । सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले त यो विषयमा पुनरावलोकनमा जानका लागि राजनीतिक वातावरण बनाउन पहल नै लिएको छ ।

**विवादमा...**

गरेको हुनुपर्ने प्रावधान इजरायलको रोजगारीका लागि सार्वजनिक सूचनामा उल्लेख थियो । वैदेशिक रोजगार विभागका कर्मचारीको आड भरोसामा अध्ययन नै नगरेकाको पनि फारम भराएको देखिएको छ । विभागले कागजातको छानबिन गर्ने बताएपनि नक्कली कागजातको चाँजोपाँजो मिलाउने कर्मचारीका बारेमा के गर्ने ? केही खुलाएको छैन । छानबिनको दायरामा अनुचित लाभ लिने कर्मचारीरू पनि पर्नुपर्ने धेरैको माग रहेको छ ।

केयरगिभरका लागि इजरायल रोजगारीमा जानेले २ लाख १० हजार रुपैयाँ तलब हुने भएपछि धेरैको त्यसमा आकर्षण देखिएको छ । तर छनोट प्रक्रियामा देखिएको अन्योलले आवेदकहरू अन्योलमा परेका छन् ।

**पोर्चुगलमा...**

थिए । दूतावासको टोलीले अगष्ट ३० देखि सेप्टेम्बर ७ सम्म गैरआवासीय नेपाली संघ पोर्चुगलको कार्यालयबाट कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा प्रदान गरेको थियो । घुम्ती सेवालाई गैरआवासीय नेपाली संघ पोर्चुगलसहित यहाँ क्रियाशील नेपाली संघसंस्थाले समन्वय र सहजीकरण गरेका थिए ।

घुम्ती सेवामार्फत कन्सुलर सेवा पाउँदा प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) लगायतका कागजात प्रमाणीकरणको समस्यामा परेका नेपालीलाई राहत मिलेको छ । घुम्ती सेवा सम्पन्न भए पनि पोर्चुगलका नेपालीको सहजताका लागि कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा भने पेरिस दूतावासबाट निरन्तर प्रवाह हुने राजदूत भट्टराईले बताए । आगामी दिनमा पनि राहदानीलगायतका कागजात प्रमाणीकरणसम्बन्धी समस्या देखा परेको खण्डमा परराष्ट्र मन्त्रालयसँग समन्वय गरी पुनः घुम्ती टोलीको व्यवस्था गरिने उनले बताए ।

य स अ ि घ पोर्चुगलमा रहेका नेपालीले कागजात प्रमाणीकरणलगायतका कन्सुलर सेवा नपाउँदा सास्ती खेप्नुपरेको समाचार मध्यान्ह दैनिकलगायतका सञ्चारमाध्यमले प्रकाशन तथा प्रशारण गरेको थियो । गत महिना पनि राहदानी विभाग काठमाडौं र फ्रान्सस्थित नेपाली दूतावासको संयुक्त टोलीले राजधानी लिस्बनमा राहदानी सेवासम्बन्धी घुम्ती शिविर सञ्चालन गरी तीन हजार आठ सयभन्दा बढी नेपालीलाई राहदानी सेवा दिएको थियो ।

**क्यानडा...**

देखाएर पीडितहरुबाट पटक-पटक गरी एक करोड ६५ लाख रुपैयाँ लिएर घर्ती सम्पर्कविहीन भएका थिए । उनलाई प्रहरीले काठमाडौंको बनस्थलीबाट पक्राउ गरेको हो ।

यस्तै इटाली पठाइदिन्छु भन्दै ८ जनाबाट ९ लाख रुपैयाँ ठगी गरेको आरोपमा प्रहरीले डडेलधुराको नवदुर्गा गाउँपालिका वडा नं. ४ घर भइ हाल काठमाडौंको अनामनगर बस्ने ३४ वर्षीय कर्णसिंह साउदलाई पक्राउ गरेको छ । पक्राउ परेकाहरुलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।

**पूर्वमुख्यमन्त्रीको...**

दश वर्ष मुनिका बालबालिकाकाका लागि विशिष्टीकृत सेवासहित निशुल्क उपचार कार्यक्रम नियमित गर्नुपर्ने, बजेटमा २५ लाखभन्दा तलका आयोजना नराख्ने नीति लिनुपर्ने, शैलजा आचार्य हृदयरोग उपचार केन्द्रको सञ्चालन गर्नुपर्ने पूर्वमुख्यमन्त्री कार्कीको मुख्य माग छ । महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने, घिउ तथा धूलो दुधको निर्यातमा प्रोत्साहन रकम वितरण कार्यक्रम यथावत् राख्नुपर्ने, सुनसरी-मोरङ केसलिया करिडोरको विकास कार्यक्रममा पर्याप्त बजेट दिनुपर्ने, कृषि र प्राविधिक शिक्षाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, डाक्टर, इन्जिनियरलगायत विभिन्न विधाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने र जनावरमैत्री जंगल निर्माण गर्नुपर्ने माग पनि उनको छ ।

आफ्नो नेतृत्वको सरकार विघटनपछि एमाले र माओवादी सहितको सरकार बनेको र उक्त सरकारका माननीय आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले प्रस्तुत गरेको बजेटमा उपरोक्त जनहितकारी एवम् समाजवादी कार्यक्रमलाई निर्ममताका साथ कटौती गरिएको दाबी गरेका छन् ।

**युएईमा रोजगार** कम्पनी: **GULF PRECAST CONCRETE COMPANY-LLC-BRANCH** शहर: **UAE**

पूर्व स्वीकृत मितिः २०८१/०५/२५ चलानी नं.: ६०२२५११० LT. No.: 310574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labour | 23 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 2 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 3. | Concrete Masons | 3 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |
| 4. | Welder | 22 | 0 | | 1200 | ४३,७८८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २ गते (18 September 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# आलोचना गर्न नडराउनुस्, सकिन होइन सच्चिन तयार छु : मुख्यमन्त्री आचार्य

**सपना बोहरा/मध्यान्ह**
दाङ,२५ भदौ




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सरकारले गर्दै आएको काम कारकाहीको बारेमा केही कमजोरी भएमा आलोचना गर्न सुझाव दिएका छन् । 'सरकार सच्चिन चाहन्छ' नेपाल पत्रकार महासंघ दाङ शाखाले आयोजना गरेको मिडिया मन्थन पुस्तकको विमोचन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले भने, 'सही समयमा तथ्यमा आधारित भएर सुधारका लागि आलोचना गर्न नडराउनुस् ।' मुख्यमन्त्री आचार्यले सरकारमा रहँदा नियतमा कुनै खोट नभएकाले केही कमी कमजोरी भए सच्च्याउन तयार रहेको बताए ।

'म सरकारको नीति निर्देशनमा रहेर काम गर्छु, त्यही अनुसार अगाडि बढ्नुछ' मुख्यमन्त्री आचार्यले भने 'सही मार्ग निर्देशनको लागि आलोचना चाहिन्छ, म सच्चिन चाहन्छु, सकिन होइन ।'

सुशासन, सामाजिक न्याय र समाज रुपान्तरणका लागि मिडिया क्षेत्रबाट निरन्तर खबरदारी गर्न समेत आह्वान गरे । तथ्यमा आधारित भएर सुशासन, पारदर्शीता, जवाफदेहीता र भ्रष्टाचार नियन्त्रणका लागि मिडिया क्षेत्रबाट खबरदारी गर्न अनुरोध गरे ।

सरकारको कामलाई पारदर्शी बनाउन आचारसंहिता समेत निर्माण गरेको बताए । 'मुख्यमन्त्री र मन्त्रीलाई आचारसंहिता लागू गरेका छौं'उनले भने ' यो आचारसंहिताले मुख्यमन्त्री र मन्त्रीको नाममा हुने फजुल खर्च नियन्त्रण गर्छ र पारदर्शी सरकार बन्नेछ ।' जिल्ला भ्रमणको क्रममा हुने होटलको खर्चको बिल सरकारले भुक्तानी नगर्ने उनले बताए ।

मन्त्रीका नाममा हुने फजुल खर्च नियन्त्रण गर्न आचारसंहिताको बन्धनमा राखिएको उनले स्पष्ट पारे । पूर्व विशिष्ठ व्यक्तिको नाममा सरकारको ढुकुटीबाट सेवा सुविधा दिने निर्णय फिर्ता गरेर जनतामा आशा जगाउने काम सरकारले गरेको उनले बताए ।

'बहाली गरेको ४७ दिन भयो, सरकारले यो अवधिमा सुशासन, पारदर्शीको क्षेत्रमा केही महत्वपूर्ण कामहरु अघि बढाएका छौं'उनले भने ।

उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले समाज रुपान्तरणको लागि मिडिया क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताएका थिए । जनताको पक्षमा बुलन्द आवाज उठाउने मिडिया क्षेत्र रहेकाले विश्वसनीय सूचना र समाचार प्रवाहमा ध्यान दिन आग्रह गरे । संघीयताको मर्म अनुसार प्रदेश सरकारले काम गरेको भन्दै आम जनताको दिनचर्या सहज बनाउनेगरी मिडियाबाट खबरदारी गर्न उनले आग्रह गरे । कार्यक्रम पत्रकार महासंघ दाङका अध्यक्ष दुर्गालाल केसीको अध्यक्षतामा भएको थियो ।

# गौर नगरभित्रका विद्यालयहरुको अनुगमन



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ भदौ

रौतहट गौर नगरपालिकाका नगर प्रमुख शम्भु साहले गौर नगरभित्रमा रहेको सामुदायिक विद्यालयमा आकस्मिक निरीक्षण गरेका छन् । विद्यालयमा मेयर साहले आकस्मिक रुपमा विद्यालयमा प्रवेश गरी विद्यार्थीसँग बसेर केही बेर कक्षामा हुने गरेको शिक्षण सिकाइको प्रकृया बुझ्दै नगरपालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयहरुको अनुगमन गरेका हुन् ।

साहले गौर ५ स्थित आधारभूत विद्यालय, बाल मन्दिरसहित गौर नगरकै वडा नं.१,२,३ लगायतका आधारभूत विद्यालयको अनुगमन गरेका छन् ।

शैक्षिक शाखाका संयोजकसहितको टिमलाई लिएर विद्यालय पुगेका मेयर साहले विद्यार्थीहरुसँग अन्तरक्रिया समेत गरेका थिए । उनले विद्यालयको भौतिक संरचनाको अवस्था, शैक्षिक गुणस्तर, विद्यार्थीको नियमितता, शिक्षकहरुको लगनशीलता, गृहकार्यको अवस्थालगायतका विषयमा जानकारी लिएका थिए । मेयर साहले सामुदायिक विद्यालयका भौतिक अवस्था, पूर्वाधार विकास तथा शैक्षिक स्तरबारे जानकारी लिएका थिए ।

# टेक्सास तामाङ सोसाइटीको अध्यक्षमा कुमार

**अमेरिका/मस-** तामाङ सोसाइटी अफ टेक्सासको अध्यक्षमा कुमार तामाङ निर्वाचित भएका छन् । सोसाइटीको गत आइतबार सम्पन्न तेश्रो साधारण सभा तथा वार्षिक भेलाले तामाङलाई सर्वसम्मतिमा निर्वाचित गरेको हो ।



यसैगरी भेलाबाट सोसाइटीको वरिष्ठ उपाध्यक्षमा माया डोल्मा लामा, केन्द्रीय क्षेत्रीय उपाध्यक्षमा रत्न लामा, दक्षिण पूर्वीय क्षेत्रीय उपाध्यक्षमा सागर तामाङ, महासचिवमा प्रनिष तामाङ, कोषाध्यक्षमा सुनिल लामा, सहकोषाध्यक्षमा सुनिता पाखिन, सास्कृतिक संयोजकमा पुर्ण तामाङ र खेलकुद संयोजकमा छिरिङ लामा निर्वाचित भएका छन् ।

यस्तै कार्यसमिति सदस्यहरुमा रिञ्जिन लामा, वाङदेन गोम्जा तामाङ, चमेली तामाङ, डुल ग्लान तामाङ, धन लामा तामाङ र रुप थिङ निर्वाचित भएको सोसाइटीले जनाएको छ । सोसाइटीका अध्यक्ष तामाङले आफनो कार्यकालमा तामाङ संस्कृति, रीतिरिवाजलगायत विविध विषयमा अझ बढि सकृयताका साथ योजना बनाएर कार्यक्रमहरु ल्याउने जानकारी दिए ।

# आत्महत्या न्यूनीकरण गर्न दृष्टिकोण बदल्नुपर्नेमा जोड

**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २५ भदौ

पछिल्ला वर्षहरुमा आत्म हत्याका घटनाका कारण थप चुनौती थपिएको छ । समाजमा सामाजिक चुनौतीका रुपमा रहेको आत्महत्यालाई राज्यले नै जनस्वास्थ्यको समस्या मानेर रोकथामका प्रभावकारी उपाय अपनाउन जरुरी रहेको एक कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

आत्महत्याको समग्र घटनाको विश्वव्यापी तुलनात्मक अध्ययनले धेरै आत्महत्या हुने सूचीमा राखेको छ । विश्वमा सबैभन्दा धेरै आत्महत्या गर्ने देशहरुमध्ये नेपाल आठौं नम्बरमा परेको तथ्याकले देखाएको छ ।

विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा 'आत्महत्याको रोकथाम बारे संवाद शुरु गरौं, दृष्टिकोण बदलौं' भन्ने मूल नाराका साथ सन्धिखर्क नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमको प्रमुख अतिथि एवम् सन्धिखर्क नगरपालिका नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले सामाजिक तथा पारिवारिक, गरिबी, आर्थिक समस्या, लगायका विभिन्न कारणहरुले धेरै आत्महत्याका घटनाहरु हुने गरेको भन्दै यसको रोकथामका लागि जिल्ला प्रहरी कार्यालयको समन्वयमा नगरपालिकाले अभियान नै सञ्चालन गर्ने बताए ।

कार्यक्रमका अध्यक्ष एवम सन्धिखर्क नगरपालिका उपप्रमुख मिश्रा आचार्यले आत्महत्या समाजको जटिल समस्याको रुपमा देखिएकोले आत्महत्या न्यूनीकरणका लागि अभियान नै चलाउनुपर्ने भन्दै उक्त कार्यका लागि क्रियाशिल समिति बनाइ अगाडि बढ्नुपर्ने बताइन् ।

**Invitation for Bids**
**Dhangadhi Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Dhangadhi, Kailali**

**Invitation for the Bids**

**Date of Publication: 11th September 2024 (2081/05/26 B.S.)**

1. The Dhangadhi Sub-Metropolitan City invites electronic bids from eligible bidders for the procurement of Procurement Supply and Delivery of B-Type Ambulance (2 Units) under National competitive bidding - Single Stage Single Envelope procedures.

| S. N. | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Bid Opening/ Submission Date | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 14/DSMC/ 2081/082 | Procurement Supply and Delivery of B-Type Ambulance (2 Units) | 1,00,000/- | 3,000/- | Bid Opening/ Submission Date: 15th October 2024 (2081/06/29 B.S.) 12:00 Noon | Hard Copy Not Acceptable |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Dhangadhi Sub-Metropolitan City Office, Dhangadhi, Kailali, Email: dhangadhimun2013@gmail.com, Phone no. 091-525506 or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

# रारा विमानस्थल ताल्चाले निम्त्यायो विपत्ति
# विमानस्थल तलका दर्जनौं बस्ती पहिरोको उच्च जोखिममा

**प्रेम राज कार्की/मध्यान्ह**
मुगु, २५ भदौ

मुगु १ मा रहेको रारा विमानस्थल ताल्चाले सेवा सुविधा पाएसँगै विपत्ति पनि निम्त्याएको छ ।

रारा विमानस्थल ताल्चा कालोपत्रे भएसँगै रारा विमानस्थल ताल्चाले यति बेला मानविय तथा प्राकृतिक विपत्ति निम्त्याएको हो ।

रारा विमानस्थल ताल्चाा कालोपत्रे भएसँगै पानीको नहर बुका खोला, लेत्याखोला बुद्या खोलामा मिसाइएकाले रारा विमानस्थल ताल्चा मुनिका छायाँनाथ रारा नगरपालिका वडा नं ४ का दजनौ बस्ती पहिरोको उच्च जोखिममा छन् ।

२०७२ सालमा ५ सय ७० मिटर लम्बाइ र २० मिटर चौडाइ रारा विमानस्थल कालोपत्रे भएको र त्यहाँबाट बग्ने नहरहरु बुका खोला, लेत्याखोला बुद्या खोलामा मिसाइएकाले विमानस्थलबाट बग्ने पानीले विमानस्थल मुनिका बस्ती पहिरोको उच्च जोखिममा रहेका छन् । यी खोलामा आउने बाढी पहिरोले सयौं बिगाहा जमिन कटान गरेको र धेरैका घर बगाएको छ । पानी नै नआउने खोलामा हिजोआज पानी बगेको देखिन्छ । खोलामा पानी मात्रै होइन् अहिलेको अवस्थामा बाढी नै आउने पानीको बहाव हुन्छ । बाढीसँगै आउने पहिरोको त्रासका कारण बाढीको डरले खोला आसपासका स्थानीय रातभर जाग्रम बस्न बाध्य छन् ।

विमानस्थलबाट बग्ने पानीले खोला आसपासमा प्रतिवर्ष यसरी नै खेतियोग्य जमिन कटान गर्दै जाने हो भने विमानस्थलको भविष्य पनि संकटमा पर्ने देखिन्छ । अहिले पनि विमानस्थलको उत्तरतिर जमिन भाँसिएको छ । विमानस्थल मुनि पहिरो जार्दै गर्ने हो भने विमानस्थल पनि संकटमा पर्ने र खोलाले वर्षेनी कटान गदै जाने हो भने यसबाट शिरमा रहेको राराताल पनि संकटमा पर्ने स्थानीयको भनाइ छ ।



रारा विमानस्थलबाट निस्कीएको मुख्य पानी बग्ने बुकाखोला किनाराका बस्तीहरु बस्ती पाटपटेनी, मुश्याचौर, माथिल्लो कालपाल्त, तल्लो कालापाल्त, कोष, दोवाट, कालाजुर लेत्याखोला किनारका बस्तीहरु, ढुमालेख, डाँडाजिउला, टहधारा र बुद्याखोला किनारका बस्तीहरु गिमखोला जुक्याना गाउँ खत्याडीकोट, गमगाढाको पावर हाउस लगायतका क्षेत्रहरु पहिरोको उच्च जोखिममा रहेका छन् ।

विमानस्थल कालोपत्रे भएको र त्यहाँबाट बग्ने नहर बुकाखोलमा मिसाइएका छन् भने अन्य लेत्याखोला, बुद्याखोलामा त्यसको विभिन्न क्षेत्रबाट बग्ने पानीका कारण विमानस्थल मुनिका दजनौं बस्ती पहिरोको जोखिममा परेका छन् भने गमगढी बालै राताचौर हुँदै पिना जोड्ने सडक पनि जोखिममा छ ।

यो सडक हुँदै छायाँनाथ रारा नगरपालिका वडा नं ४,६,७,८ का विद्यार्थी, स्थानीय सदरमुकाम गमगढी आउन यो सडक हुँदै आउँछन् । जोखिम मोलेर सदरमुकाम जानुपरेको स्थानीयबासीको भनाइ छ ।

लगातार आएको अविरल वर्षाले खोलामै आएको बाढीकै कारण सो क्षेत्रका विभिन्न क्षेत्रहरुमा जमिन भासिँदा सो क्षेत्रका स्थानीय बासिन्दा रातभर जाग्राम बस्नु छायाँनाथ रारा नगरपालिका ४ का स्थानीय जंख बहादुर भामले बताए । उनी भन्छन्, 'पानीसँगै आउने बाढीले ताल्चाा विमानस्थल तलका बस्तीमा ९ वर्षदेखि दिनप्रतिदिन यस्तो समस्या थपिँदै गएको छ ।' तर स्थानीय चिन्तित हुने सरोकारवाला निकायले वास्था नगर्ने गरेका कारण समस्या थपिर्दै गएको भामले बताए ।

विमानस्थलको पानीले गर्दा बुका खोलाले सयौं विगाह जमिन पनि कटान गरेको छ । खेतीयोग्य जमिन बालिनाली बगाएको छ । खोलाको आसपासका बस्ती जोखिममा परेका भएपनि यसप्रति कसैले ध्यान नदिएकाले समस्या वर्षेनी समस्या बल्झिँदै गएको छायाँनाथ रारा नगरपालिका वडा नं ४ का वडा अध्यक्ष लक्ष्मी प्रसाद भामले बताए ।

उनले भने, 'खोलाले खेतियोग्य जमिन पनि वर्षेनी यसरी नै कटान गर्ने हो भने दजनौं बस्ती पनि नरहने, बस्ती सार्नुको विकल्प छैन ।'

'लगातार आएको अविरल वर्षासँगै खोलामा आएको बाढीकै कारण सो क्षेत्रका स्थानीयबासिन्दा रातभर जाग्राम बस्नु परेको गुनासा, ताल्चाा विमानस्थलले निम्त्याएको विपत्तीका बारेमा समस्या समाधान गर्न सम्बन्धित सरोकारवाला निकायालाई मंगलबार वडाको तर्फबाट ध्यानाकर्षण पत्र बुझाएका छौं' अध्यक्ष भामले थपे ।

मानविय तथा प्राकृतिक विपत्ती ठूलो छ । स्थानीय सरकारले समस्या समाधान गर्न नसक्ने देखिएकाले संघीय सरकार प्रदेश सरकारको आवश्यकता अपरिहार्य देखिएकाले समस्या समाधानका लागि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय,उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय कर्णाली प्रदेश सुर्खेतलाई ध्यानाकर्षण गराउँदै रारा नागरिक उड्डयन कार्यालय ताल्चाा र जिल्ला प्रशासन कार्यालयमार्फत ध्यानाकर्षण गराइएको अध्यक्ष भामले बताए ।

# नेपाल प्रहरीको 'सई' हुँ भन्दै १६ जिल्लामा ठगी गर्ने दुई जना पक्राउ

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २५ भदौ




नेपाल प्रहरी विधि विज्ञान प्रयोगशालाको सई हुँ भन्दै विभिन्न १६ जिल्लामा ठगी गर्ने २ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा दैलेखको गुराँस गाउँपालिका-६ का २७ वर्षीय विकास बिसी र बाँके राप्ती सोनारी गाउँपालिका-७, बाँके घर भइ हाल लालपुर बस्दै आएका ३६ वर्षीय लोकबहादुर खाँण रहेका छन् ।

आफूहरु प्रहरीको सई भएको बताउँदै दैलेख, जाजरकोट, कालीकोट, सल्यान, भोजपुर, तेह्रथुम, मोरङ, रोल्पा, सुर्खेत, उदयपुर, संखुवासभा, दाङ, म्याग्दी, स्याङ्जा, धनकुटा र बाँकेलगायत १६ जिल्लाका व्यक्तिहरुलाई ठगी गरेको सूचनाका आधारमा शुरुमा बिसी र त्यसपछि खाणलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दैलेखले जनाएको छ ।

प्रारम्भिक अनुसन्धानमा विभिन्न मुद्दा मिलाउने भन्दै ठगी गरेको खुलेको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख डीएसपी सुनिल दाहालले जानकारी दिए । शुरुमा चामुण्डा बिन्द्रासैनी नगरपालिका-२ का खगेन्द्र अधिकारी जबरजस्ती करणी मुद्दामा दैलेख कारागार थुनामा थिए । जबरजस्ती करणी र लागुऔषध मुद्दामा अदालतीय प्रक्रियामा जान मेडिकल परीक्षण रिर्पोट आवश्यक पर्छ । मेडिकल परीक्षणका लागि कर्णालीमा प्रयोगशाला छैन । त्यसैले खगेन्द्रको मेडिकल परीक्षणका लागि विधि विज्ञान प्रयोगशाला काठमाडौं पठाइएको थियो । मेडिकल रिर्पोटको आधारमै अदालतीय फैसला हुन्छ ।

रिर्पोट नेगेटिभ आए थुनामा रहेकाहरुले सफाइ पाउनसक्ने अवस्था अधिक हुन्छ । खगेन्द्रको स्वास्थ्य परीक्षण रिपोर्ट समयमै नआउँदा उनको मुद्दा लम्बिरहेको थियो । सोही क्रममा गत साउन २५ गते बिहान खगेन्द्रकी आमा तुलसी अधिकारीको मोबाइलमा एउटा अपरिचित नम्बरबाट फोन आउँछ । फोनमा एक व्यक्तिले आफ्नो नाम पूर्णबहादुर देउवा भएको र आफू विधि विज्ञान प्रयोगशाला काठमाडौं प्राविधिक प्रहरी नायव निरीक्षक (सई) भएको बताउँछन् ।

फोन गरेका व्यक्तिले आफूलाई प्रहरीको सई बताएपछि तुलसी फस्किइन् । ती व्यक्तिले फोनमै तुलसीलाई भनेका थिए, 'तपाईंको छोराको परीक्षण प्रतिवेदन पठाइदिन्छु, तपाईंले मेरो लेखापाल विकास बिसीको नाममा रहेको एनएमबि बैंकको खातामा ५८ हजार रुपैयाँ जम्मा गर्दिनुहोस् ।' छोराको परीक्षण प्रतिवेदन छिटो आउने आशामा तुलसीले छिमेकी भतिज नाता पर्ने केशवप्रसाद भट्टराईलाई ५८ हजार २ सय ३५ रुपैयाँ जम्मा गर्न लगाउँछिन् ।

तर महिना दिन बित्दा पनि परीक्षण रिपोर्ट आएन । तुलसीले जिल्ला प्रहरी कार्यालय दैलेखमा पूर्णबहादुर र विकासले ठगी गरेको भन्दै उनीहरूलाई पक्राउ गरी कानूनी कारबाही गर्न माग गर्दै जाहेरी दिइन् । तुलसीको जाहेरीपछि दैलेख प्रहरी र कर्णाली प्रदेश प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले ठगी गर्ने व्यक्तिहरूको अनुसन्धान थाल्यो । फोन ट्रेसिङ गर्दै जाँदा गत भदौ ५ गते दैलेख प्रहरीले लेखापाल बताउने खातावाला व्यक्ति बिसीलाई नियन्त्रणमा लिएको थियो ।

उनकै सहारामा प्रहरीले आफू प्रहरी 'सई' भएको भन्दै ठगी गर्ने खाँणलाई पक्राउ गरेको थियो । लोकबहादुरलाई कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतबाट खटिएको टोलीले भदौ १८ गते लेकवेशी नगरपालिका-२, दशरथपुरबाट पक्राउ गरेको हो । आफ्नो नाम बदलेर ठगी गर्दै आएका लोकबहादुर नै उक्त ठगी घटनाका मुख्य योजनाकार थिए । त्यसको मोहोरा विकास बनेको अनुसन्धानका क्रममा खुलेको डीएसपी दाहाल बताउँछन् ।

अनुसन्धान गर्दै जाँदा लोकबहादुरले १६ जिल्लाका १८ जना व्यक्तिलाई नक्कली सई बनेर ठगी गरेको पाइएको डीएसपी दाहालले बताए । हालसम्मको अनुसन्धानबाट विभिन्न जिल्लाका १८ जना व्यक्तिहरूबाट मुद्दा मिलाइदिन्छु भन्दै ५ लाख ६ हजार ५३५ रुपैयाँ ठगी गरेको खुल्न आएको उनले बताए ।

उनीहरूले विभिन्न मुद्दाका पीडित र पीडकको स्वास्थ्य परीक्षण गर्नुपर्नेहरूको पहिचान गर्दै तीनका आफन्तहरूबाट पैसा असुल्दै आएका थिए । उनीहरूलाई दैलेख जिल्ला अदालतबाट म्याद थप अनुमति लिइ हिरासतमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# नारायणी अस्पतालमा क्यान्सर रोगको उपचार सेवा शुरु

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, २५ भदौ




वीरगञ्जको नारायणी अस्पतालमा क्यान्सर रोगको उपचार सेवा शुरु भएको छ । मधेश प्रदेशमै पहिलो पटक वीरगञ्जको नारायणी अस्पतालमा भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोगमा क्यान्सर रोगको उपचार सेवा शुरु गरिएको हो ।

मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले नारायणी अस्पतालमा क्यान्सर उपचार सेवा र उक्त उपचार हुने अंकोलेजी वार्डको उद्घाटन गरे । उद्घाटन समारोहमा नारायणी अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट (मेसु) डाक्टर एनामुल हक र भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डाक्टर उज्वल चालिसले नारायणी अस्पताल र भक्तपुर क्यान्सर अस्पतालबीच विस्तारित क्यान्सर उपचार सेवासम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए । उक्त सम्झौतापत्रमा क्यान्सर उपचार सेवा सञ्चालनका लागि आवश्यक जनशक्तिलगायतका प्राविधिक सहयोग भक्तपुर क्यान्सर अस्पतालले व्यवस्थापन गर्ने तथा आवश्यक भौतिक पूर्वाधार, उपकरणलगायतको व्यवस्थापन नारायणी अस्पतालले गर्ने उल्लेख छ ।

नारायणाी अस्पतालका निमित्त मेसु डाक्टर हकले मंगलबार मन्त्री पौडेलले औपचारिकरुपमा अंकोलोजी वार्डको समुद्घाटन गरेसँगै क्यान्सर उपचार सेवा सञ्चालनमा आएको बताए । क्यान्सर उपचार सेवाका लागि हाल ६ शय्याको अंकोलोजी वार्ड सञ्चालनमा ल्याइएको उनले बताए । उनले मधेश प्रदेशमै क्यान्सरको पहिलो उपचार सेवा नारायणी अस्पतालमा शुरु गरिएको पनि बताए । यससँगै वीरगञ्जसहित मधेश प्रदेशका क्यान्सर रोगीलाई अब काठमाडौं, चितवन वा भारत जानुपर्ने बाध्यता हटेको डा. चालिसेको भनाइ छ । भक्तपुर क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. चालिसेका अनुसार नारायणी अस्पतालमा क्यान्सर रोगका प्रायः सबै उपचार सेवा उपलब्ध छन् । नारायणी अस्पतालमा क्यान्सर रोगको स्क्रिनिङ, डाइग्नोसिस्, केमोथेरापी, पालिटिएभ केयर, रेफरेल, काउन्सिलिङलगायतका सेवा शुरु गरिएको डा. चालिसले जानकारी गराए । नारायणी अस्पतालमा शुरु गरिएको क्यान्सर उपचार सेवाका लागि भक्तपुर क्यान्सर अस्पतालले हालका लागि मेडिकल अंकोलोजिष्टसहित दुई जना चिकित्सक खटाएको जानकारी दिदैं उनले भने, 'नारायणी अस्पतालकै दुई जना नर्सलाई विशेषज्ञ तालिम दिएर पठाएका छौं ।'

यसका अतिरिक्त प्रत्येक महिना एक पटक भक्तपुर अस्पतालबाट नारायणी अस्पतालमा विशेषज्ञ चिकित्सकहरु आएर क्यान्सर रोगको उपचारको विशेषज्ञ सेवा दिने पनि उनले बताए । नारायणी अस्पतालसँगै कोशी प्रदेशमा कोशी अस्पताल विराटनगर, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्णाली प्रदेशमा प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिमको सेती प्रादेशिक अस्पताल धनगढीमा क्यान्सर उपचार सेवा सञ्चालनमा ल्याइसकिएको उनले जानकारी गराए ।

कार्यक्रममा बोल्दै स्वस्थ्यमन्त्री पौडेलले ७ वटै प्रदेशमा एक/एक वटा अस्पतालमा क्यान्सर रोगको उपचार सेवा सञ्चालन गर्ने सरकारको निर्णयअनुसार मधेश प्रदेशको नारायणी अस्पतालमा क्यान्सर उपचार सेवा शुरु गरिएको बताए । यसलाई निरन्तरता दिँदै नारायणी अस्पतालमै अंग प्रत्यारोपण सेवा र मुटुको शल्यक्रिया सेवा पनि छिट्टै सञ्चालन गर्ने मन्त्रालयको योजना रहेको उनले बताए । त्यसका लागि मन्त्रालयले आवश्यक प्रक्रिया थालिसकेको उनले जानकारी दिए ।

अस्पताल विकास समितिका अध्यक्ष धिरजकुमार गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्री पौडेलसँगै प्रदेश सभा सदस्य श्याम पटेल, स्वास्थ्य मन्त्रालयको गुणस्तर तथा मापन शाखाका प्रमुख डा. मदनकुमार उपाध्याय, वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलमलगायतको सहभागिता रहेको थियो ।


**साउदीमा रोजगार** | कम्पनी: AFKAR ALNAHDA INTERNATIONAL COMPANY FOR CONTRACTING शहर: SAUDI ARABIA

पूर्व स्वीकृत मितिः २०८१/०५/२५ | चलानी नं.: ६०२२५१०४ | LT. No.: 310510

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Trucks Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २ गते (18 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-5918559.
Email: aayushoverseas123@gmail.com, Web: www.aayushoverseas.com.np



**SAUDI मा रोजगार** Murtadha Salman Al-Leef General Contracting Company

पुर्व स्वीकृती मितिः २०८१/०५/२५ | चलानी नं. : ६०२२५०८३ | LT No.: 310200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Agent | 1 | 00 | काममा दक्ष | 1000 | ३६,000।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्होर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्होर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ३,८०७/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | रु. १०,०००/- कामदार आफैले |

अन्तरवार्ता २०८१ असोज २ गते (18 Sep.,2024) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

Gulf Star Overseas Pvt. Ltd. "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL:gulfstaroverseas.com



**UAE मा रोजगार** कम्पनी : KAANE AMERICAN INTERNATIONAL TOBACCO COMPANY FZE शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२४ | चलानी नं.: ६०२२५०९६ | L.T. No.: 310433

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accounting Clerk/General | 2 | 0 | सम्बन्धित काममा दक्ष | 3350 | १,२२,२४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Admin Assistant | 1 | 0 | | 2850 | १,०३,९९६ | | | | | | | |
| 3. | Sales Repvesentative | 6 | 0 | | 4850 | १७६,९७६ | | | | | | | |
| 4. | Store Keepers | 3 | 0 | | 2850 | १,०३,९९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ३ गते (19 September 2024) मा हुनेछ ।

कम्पनी : SOLUTIONS HYGIENE LLC शहरः ABU DHABI

पूर्व स्वीकृत मितिः २०८१/०५/२४ | चलानी नं.: ६०२२५०९८ | L.T. No.: 310369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 50 | 50 | स. काममा दक्ष | 900 | ३२,८४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २ गते (18 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

